# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## सेवा आयोगको कार्यालय
### रामपुर, चितवन ।

प्रकाशित मिति :२०७१/९/९

## विज्ञापन सम्बन्धी सूचना

(प्रशासनिक पदहरुको लागि दरखास्त आव्हान)

**विज्ञापन नं.०५ विशेष आन्तरिक**

कृषि तथा वन विज्ञान विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०७१।३।११ को बैठकको निर्णय अनुसार कृषि तथा वन विज्ञान विश्वविद्यालय, २०६७ को दफा ३ (२) र कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ को नियम १६ (४) बमोजिम समायोजन भई यस विश्वविद्यालयमा आएका अस्थायी, करार र मासिक ज्यालादारीको रुपमा कार्यरत कर्मचारी र मिति २०६९।६।४ भन्दा अगाडी यस विश्वविद्यालय सेवामा कार्यरत रहेका कर्मचारीको हकमा यस विश्वविद्यलयको शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ को नियम ८१ (१) को खण्ड ख (१), ख (२), ख (३) र ख (४) बमोजिम विशेष आन्तरिक प्रतियोगिताद्धारा स्थायी पद पुर्तिको लागि विज्ञापन हुदा छुट हुन गएको ओभरसियर पद १ र योग्यता संशोधन हुन गएको ड्राइभर पद १ को स्थायी पद पुर्ति गर्नु पर्ने भएकोले आवश्यक शैक्षिक योग्यता र सेवा शर्त पुरा गरेका कार्यरत कर्मचारीहरुबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र  र दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिन भित्र कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगको कार्यालय हाकिमचोक, भरतपुर, चितवनमा आई पुग्ने गरि २/२ प्रतिका दरले आवश्यक कागजात सहित दरखास्त आह्वन गरिन्छ । दरखास्त फारम २०७१।९।११ गते देखि सेवा आयोगको कार्यालयबाट रु १००।- तिरी प्राप्त गर्न सकिनेछ । म्याद नाघि प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**आवदेन फारम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. शैक्षिक योग्यताको प्रमाणपत्रहरु र लव्धाङ्क पत्रहरुको प्रमाणित प्रतिलिपिहरु ।

२. अस्थायी /करार तथा मासिक  नियूक्तिका प्रमाणित प्रतिलिपिहरु ।

३. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

४. हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति ।

५. व्यक्तिगत बायोडाटा २ प्रति ।

६. तोकिएको परिक्षा शुल्क बुझाएको बैंक भौचर ।

७. सम्पर्क मिति : २०७१ साल माघ २९ गते ।

८. सम्पर्क स्थान : कृषि तथा वन विज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालय हाकिमचोक, भरतपुर, चितवन । सम्पर्क फोन नं. ०५६-५२२८५०

कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत पूर्ति गर्नु पर्ने पद र आवश्यक संख्या

| क्र.सं. | पद | आवश्यक संख्या |
|---|---|---|
| १ | ओभरसियर | १ (एक) |
| २ | ड्राईभर | १ (एक) |

१. ओभरसियर

**न्युनतम शैक्षिक योग्यता :**

मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्तीण ।

२. ड्राईभर

**न्युनतम शैक्षिक योग्यता :**

हेभिड्राइभिङ्गको लाइसेन्स प्राप्त तथा सम्वन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनूभव अथवा हलुका सवारी लाइसेन्स प्राप्त गरि सम्बन्धित काममा ३ वर्षको अनूभव प्राप्त ।

## द्रष्टव्य

१. लिखित परीक्षाको मिति तथा स्थान सम्पर्क मितिको दिन यस कृषि तथा वन विज्ञान विश्वविद्यालयको सेवा आयोगको सूचना पाटीमा टाँस गरिने छ ।

(पाठ्यक्रमको लागि विश्वविद्यालयको **website : www.afu.edu.np** मा हेर्नु होला )